जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ | अंक ४३ | २०८० साल भदौ २३ गते शनिबार (9 Sep. 2023 Saturday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : कृषिगणनाको नतिजा सार्वजनिक,. ३ पृष्ठमा : मधेस प्रदेश : बालविवाहमुक्त क्षेत्र ३ पृष्ठमा : प्रभावशाली विश्वनेताहरू...

# सप्तरीका चार पालिका कार्यवाहक प्रमुख भएर हाँक्दै महिला जनप्रतिनिधि



**इसरत परवीन**
**कार्यवाहक प्रमुख**
**राजविराज नगरपालिका**



**रेणु कुमारी साह**
**कार्यवाहक प्रमुख**
**बोदेबर्साइन नगरपालिका**



**अनिता कुमारी चौधरी**
**कार्यवाहक प्रमुख**
**शम्भुनाथ नगरपालिका**



**रेणु कुमारी यादव**
**कार्यवाहक प्रमुख**
**विष्णुपुर गाउँपालिका**

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

सप्तरीको चार पालिकामा अहिले कार्यवाहक प्रमुखको जिम्मेवारी महिला जनप्रतिनिधिले पाएकी छिन् । ती चारै जना महिला गत स्थानिय तह निर्वाचनमा उपप्रमुख र उपाध्यक्ष पदमा निर्वाचित भएकी हुन् ।

प्रमुख र अध्यक्ष अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारवाहीमा परेपछी तीन नगरपालिका र एक गाउँपालिकामा अहिले उपप्रमुख र उपाध्यक्ष कार्यवाहक प्रमुख भएर पालिका संचालन गर्दै आएकी छिन् ।

जिल्लाको राजविराज नगरपालिका, बोदेवर्साइन नगरपालिका, शम्भुनाथ नगरपालिकाका प्रमुख तथा विष्णुपुर गाउँपालिकाका अध्यक्ष बिरुद्ध अख्तियारले विषेश अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि क्रमशः भीमराज यादव, आतेश कुमार सिह यादव, जितेन्द्र प्रसाद गुप्ता र उमेश प्रसाद यादव निलम्बित अवस्थामा छन् ।

राजविराज नगरपालिका अहिले उपप्रमुख इसरत परवीन, बोदेवर्साइन नगरपालिका उपप्रमुख रेणु कुमारी साह, शम्भुनाथ नगरपालिका उपप्रमुख अनिता कुमारी चौधरी तथा विष्णुपुर गाउँपालिका उपाध्यक्ष रेणु कुमारी यादव कार्यवाहक प्रमुख भएर पालिका हाँकिरहेकी छिन । नगर प्रमुख र गाउँपालिका अध्यक्ष निलम्बनमा परेपछी ती चारै पालिकाको नेतृत्व गर्ने अवसर अहिले महिलाहरुले पाएकी छिन् ।

ती सबैले एक्कासी पाएको जिम्मेवारी कुशलतापुर्वक निर्वाह गरिरहेको बताएकी छिन् । राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परवीन भन्छिन-"नयाँ जिम्मेवारीले दैनिकी बदलिएको छ, अहिले उपसँगै प्रमुखको पनि दोहरो भुमिका र जिम्मेवारी थपिएको छ ।"

विष्णुपुर गाउँपालिकाकी कार्यवाहक अध्यक्ष रेणु कुमारी यादवले एक्कासी नसोचेको पदको जिम्मेवारी प्राप्त भएको बताउँदै सबैको साथ र सहयोग लिएर इमान्दारीका साथ अघि बढेको बताइन् ।

राजविराज नगरपालिकाका प्रमुख भीमराज यादव, बोदेवर्साइन नगरपालिकाका प्रमुख आतेश कुमार सिंह यादव र विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादव तीनै जना गत स्थानीय तहको निर्वाचनमा जसपाबाट निर्वाचित भएका थिए । उनी तिनै जना अख्तियारको कारवाहीमा परेपछि जसपा अहिले सप्तरीको स्थानीय तहमा निर्वाचित प्रमुख विहीन बनेको छ ।

यस्तै जिल्लामा शम्भुनाथ नगरपालिकाको एक मात्र प्रमुख पद जितेको नेकपा एकिकृत समाजवादीका जितेन्द्र प्रसाद गुप्ता पनि अख्तियारको कारवाहीका कारण निलम्बनमा परेपछी ती पार्टीबाट गत स्थानीय तहमा निर्वाचित प्रमुख पदको संख्या पनि शून्यमा झरेको छ ।

सप्तरीको १८ पालिका मध्ये गत स्थानीयतहको निर्वाचनमा नेपाली काँग्रेसले सर्वाधिक ५ पालिकामा प्रमुख पद जित हात पारेको थियो । यस्तै जसपा, लोसपा र एमालेले ३/३, जनमतले २ तथा नेकपा (एकिकृत समाजवादी) र नेकपा माओवादीले १/१ प्रमुख पदमा जित हात पारेको थियो ।

# सुन्दरी खोला किनारमा दुई दिनमा दुई शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ११ स्थित सुन्दरी खोला किनारमा बेवारिसे अवस्थामा एक शव फेला परेको छ ।

प्रहरीका अनुसार बिहीबार सुन्दरी खोलाको किनारको बगरमा शरिरमा कुनै कपडा नभएको अबस्थामा उक्त शव फेला परेको हो ।

नाम, थर, वतन नखुलेको तराईबासी जस्तो देखिने अन्दाजी २० वर्षको पुरुष मृत अवस्थामा फेला परेपछि स्थानियले प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि सोही नदी किनारमा बिहीबार कंचनरुप नगरपालिका वडा नं. ७ का २२ वर्षिय राहुल चौधरीको शव पूर्ण नग्न अवस्थामा भेटिएको थियो ।

उनी बिहान ९ बजेतिर बजारमा केही काम रहेको भन्दै घरबाट निस्केका थिए । वडाअध्यक्ष रामसुन्दर यादवले नग्न अवस्थामा फेला परेको चौधरीको मृत शरीरमा चोटपटक तथा बालुवामा घिसारिएको अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेको बताए ।

दुबै घटना बारे अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# लोसपाद्वारा चिनिया राजदुतलाई फिर्ता पठाउन माग



**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीले नेपालको आन्तरिक मामिलामा चिनिया राजदुतले दिएको अभिव्यक्तिप्रति निन्दा एवं भर्त्सना गर्दै चिनिया राजदुतलाई फिर्ता पठाउन माँग गरिएको छ ।

लोसपा नेपाल सप्तरीका अध्यक्ष सुनिल कुमार झाद्वारा शुक्रबार जारि विज्ञप्तिमा नेपाल सरकारले छिमेकी मित्र राष्ट्र भारतलाई विद्युत बिक्रि गर्ने सन्दर्भमा चिनिया राजदुतले दिएको अभिव्यक्तिप्रति निन्दा एवं भर्त्सना गर्दै चिनिया राजदुतलाई फिर्ता पठाउन माग गरिएको हो ।

विज्ञप्तिमा नेपालको आन्तरिक मामिलामा चाइनालाई हस्तक्षेप नगर्न सुझावका साथ चाइनिज हस्तक्षेप तथा राष्ट्रिय स्वाधिनता माथिको प्रहार बन्द गर्न, कुटनीतिक मर्यादा कायम गर्न, राजदुतलाई राजनीति नगर्न माग समेत गरिएको छ ।

साथै विज्ञप्तिमा भारत सरकारले आफ्नो मन्त्रि परिषद्को बैठकबाट १० हजार मेघावाट विद्युत नेपाल सरकारबाट खरीद गर्ने गरेको निर्णय स्वागत योग्य रहेको उल्लेख गरेको छ ।

# नेपाल मुश्लिम संघ सप्तरीको कार्य समिति सर्वसम्मतले चयन

**दैनिक समाचारदाता**
**राजविराज, २२ भदौ ।**

नेपाली काँग्रेस निकट नेपाल मुश्लिम संघ सप्तरीको जिल्ला कार्य समिति सर्वसम्मतले चयन गरिएको छ ।

मोहम्मद जिब्रिलको सभापतिमा गठित समितिको उपसभापतिमा मो.इस्माइल, सचिवमा मो. रजा अंसारी, सहसचिवमा इस्माइल मंसुरी,

***बाँकी अन्तिम पृष्ठमा***

## दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कृषिगणनाको नतिजा सार्वजनिक, कृषिकार्य गर्ने जग्गामा कमी

काठमाडौँ, २२ भदौ (रासस)।

राष्ट्रिय तथ्याङ्क कार्यालय (साविकको केन्द्रीय तथ्याङ्क विभाग)ले राष्ट्रिय कृषिगणना, २०७८ को नतिजा बिहीबार सार्वजनिक गरेको छ।

कृषिगणना, २०७८ अनुसार नेपालमा जम्मा ४१ लाख ३० हजार सात सय ८९ कृषक परिवारले २२ लाख १८ हजार चार सय १० हेक्टर जग्गामा कृषिकार्य गरेको देखिएको छ। अघिल्लो कृषिगणना, २०६८ अनुसार ३८ लाख ३१ हजार ९३ कृषक परिवारले २५ लाख २५ हजार छ सय ३९ हेक्टर जग्गामा कृषिकार्य गरेको देखिएको थियो।

यसैगरी यस कृषिगणनाअनुसार नेपालमा जम्मा घरपरिवारमध्ये ६२ प्रतिशत कृषक परिवार रहेको पाइएको छ भने अघिल्लो कृषिगणनाले यस्ता कृषक परिवारको प्रतिशत ७१ देखाएको थियो। पछिल्लो जनगणनाअनुसार मुलुकमा जम्मा घरपरिवारको सङ्ख्या ६६ लाख ६६ हजार रहेको छ।

कार्यालयले विसं २०१८ देखि हरेक १०-१० वर्षमा कृषिगणना गर्दै आएको छ। कार्यालयले २०७८ साल चैत १ गतेदेखि ७७ वटै जिल्लामा कृषिगणना कार्यालय स्थापना गरी २०७९ वैशाख ६ देखि जेठ १९ गतेसम्म सातौँ राष्ट्रिय कृषिगणनाको स्थलगत तथ्याङ्क सङ्कलनकार्य सम्पन्न गरेको थियो।

तीनै तहका सरकारलाई चाहिने कृषिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउने उद्देश्यसहित 'कृषिगणनाको सार, कृषि योजनाको पूर्वाधार' मूल नाराका साथ सञ्चालित यो राष्ट्रिय कृषिगणना, २०७८ सङ्घीयतापछिको पहिलो कृषिगणना हो।

कृषिगणना, २०७८ अनुसार कृषक परिवारले १२ लाख नौ हजार दुई सय ६५ हेक्टर जग्गामा सिँचाइ सुविधा लिएको देखिएको छ। यी कृषक परिवारअन्तर्गतको जम्मा जग्गामध्ये ५४ दशमलव पाँच प्रतिशत जग्गामा सिँचाइ सुविधा उपयोग भएको देखिन्छ। तर अघिल्लो कृषिगणनामा सिँचाइ सुविधा उपयोग भएको जग्गाको क्षेत्रफल ५२ प्रतिशतमात्र थियो।

विगतका गणनामा जस्तै यस गणनामा पनि सबैभन्दा बढी क्षेत्रफलमा खाद्यान्न बाली २५ लाख ८६ हजार एक सय ८३ हेक्टरमा लगाएको पाइएको छ भने अन्य बालीहरूमा क्रमशः कोसे/दाल बाली एक लाख ९९ हजार आठ सय ४४ हेक्टर, तेल बाली एक लाख ८० हजार एक सय ४१ हेक्टर, तरकारी बाली एक लाख सात हजार सात सय ३३ हेक्टर, कन्दमुल बाली एक लाख चार हजार सात सय ३७ हेक्टर, मसला बाली ५६ हजार आठ सय ९३ हेक्टर र नगदे बाली ४४ हजार छ सय नौ हेक्टरमा रहेको पाइएको छ।

नेपालमा गत १० वर्षको अन्तरालमा पशुपालन गर्ने कृषक परिवार ३३ लाख ५३ हजार आठ सय ५७ बाट बढेर ३४ लाख पाँच हजार १४ हुन पुगेका छन्। यस गणनामा गाईगोरुको सङ्ख्या करिब ४६ लाख, रागाभैँसीको सङ्ख्या करिब २९ लाख, बाख्रा/खसी/बोका/च्याङ्ग्राको सङ्ख्या करिब एक करोड ४२ लाख, सुँगुर/बङ्गुर/बँदेलको सङ्ख्या करिब १४ लाख, कुखुराको सङ्ख्या करिब चार करोड ५१ लाख हुन आएको देखिन्छ। यो गणनाले उन्नत गाई र भैँसीको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको देखाएको छ।

**कृषिकार्यका लागि ट्र्याक्टर प्रयोगमा दोब्बरले वृद्धि**

कृषिगणना, २०६८ ले आठ लाख ४५ हजार कृषक परिवारले कृषिकार्यका लागि ट्र्याक्टर प्रयोग गरेको देखाएको थियो भने कृषिगणना, २०७८ ले यो सङ्ख्या भन्डै दोब्बर भएर १६ लाख ३९ हजार पुगेको देखाएको छ। यसैगरी यी दुई गणनाको तुलना गर्दा कृषक परिवारले प्रयोग गरेका फलामे हलोको सङ्ख्यामा उल्लेखनीयरूपमा गिरावट आएको देखिन्छ।

कृषिगणना, २०७८ ले ४२ हजार आठ कृषक परिवारले ४८ हजार सात सय ६३ वटा पोखरीमा माछापालन गरेको देखाएको छ। यसरी माछापालन गरिएका पोखरीहरूको कुल क्षेत्रफल १० हजार तीन सय ८३ हेक्टर रहेको समेत यो गणनाले औँल्याएको छ। अघिल्लो कृषिगणना, २०६८ ले यस्ता कृषक परिवारको सङ्ख्या १७ हजार एक सय ९१, पोखरीको सङ्ख्या २१ हजार दुई सय ७७ र पोखरीको जम्मा क्षेत्रफल दुई हजार पाँच सय १९ हेक्टर देखाएको थियो।

यो गणनाको प्राप्त नतिजाले १७ हजार पाँच सय ५४ कृषक परिवारले च्याउखेती गरेको देखाएको छ। गणनाको प्राप्त नतिजाअनुसार एक लाख ९६ हजार आठ सय ५४ कृषक परिवारले पाँच लाख १० हजार चार सय १४ वटा घारमा मौरीपालन गरेको पाइएको छ। अघिल्लो कृषिगणना, २०६८ को नतिजाअनुसार मौरीपालन गर्ने कृषक परिवारको सङ्ख्या एक लाख २४ हजार एक सय ५० पाइएको थियो।

यो गणनाको प्राप्त नतिजाले १० हजार तीन सय ७५ कृषक परिवारले पाँच सय ९७ हेक्टर जग्गामा पुष्पखेती/नर्सरीखेती गरेको देखाएको छ। कृषिगणना, २०७८ अनुसार एक लाख ८२ हजार चार सय ४१ (चार दशमलव चार प्रतिशत) कृषक परिवारले कृषि बीमा गरेको उल्लेख गरेका छन्। यसरी बीमा गरेकामध्ये सबैभन्दा बढी एक लाख ५३ हजार नौ सय ६२ (८४ दशमलव चार प्रतिशत) कृषक परिवारले पशुपालन कार्यको लागि बीमा गरेको बताएका छन्।

यस गणनाबाट प्राप्त नतिजाअनुसार तीन लाख आठ हजार पाँच सय १२ (सात दशमलव पाँच प्रतिशत) कृषक परिवारले सरकारी अनुदान पाएको उल्लेख गरेका छन् भने यसरी सरकारी अनुदान पाएकामध्ये सबैभन्दा बढी एक लाख ४२ हजार पाँच सय ७६ (४६ दशमलव दुई प्रतिशत) कृषक परिवारले रासायनिक मल खरिदमा अनुदान पाएको बताएका छन्।

यो गणनाका अनुसार ९७ हजार एक सय ७४ कृषक परिवारले चार हजार छ सय ५९ दशमलव दुई हेक्टर जग्गामा हरितगृह/टनेल पद्धतिबाट खेती गरेको पाइएको छ। कृषिगणना, २०६८ अनुसार मुख्य कृषकमा ८१ प्रतिशत पुरुष र १९ प्रतिशत महिला रहेका थिए भने कृषिगणना, २०७८ अनुसार मुख्य कृषकमा पुरुषको हिस्सा घटेर ६७ दशमलव छ प्रतिशत र महिलाको हिस्सा बढेर ३२ दशमलव चार हुन पुगेको देखिन्छ।

**सत्तरी प्रतिशत कृषकको मुख्य आम्दानीको स्रोत कृषिकार्य**

यो गणनाले ७० दशमलव चार प्रतिशत कृषक परिवारको आम्दानीको मुख्य स्रोत कृषिकार्य रहेको देखाएको छ। अघिल्लो कृषिगणनाले यो प्रतिशत ८३ दशमलव एक देखाएको थियो। गणनाबाट प्राप्त नतिजाले ४५ प्रतिशत कृषक परिवारले आफ्नो कृषिकार्यबाट भएको आम्दानीले वर्षभरि खान पुग्ने बताएका छन् भने अघिल्लो कृषिगणना, २०६८ मा यसरी उल्लेख गर्ने कृषक परिवार ४० प्रतिशत थिए।

गणनाको प्राप्त नतिजाअनुसार आफ्नो कृषिकार्यबाट भएको सबै उत्पादन घरायसी उपभोगको लागि हो भनी बताउने कृषक परिवार ६८ दशमलव आठ प्रतिशत, सबै बिक्रीका लागि हो भनी बताउने एक दशमलव एक प्रतिशत, मुख्यतः घरायसी उपभोग र केही बिक्रीका लागि हो भनी बताउने २४ दशमलव सात प्रतिशत र मुख्यतः बिक्री र केही घरायसी उपभोगका लागि हो भनी बताउने पाँच दशमलव चार प्रतिशत रहेको देखिएको छ।

जम्मा कृषक परिवारमध्ये २६ प्रतिशत परिवारले कृषिकार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गरेको बताएका छन्। अघिल्लो कृषिगणनाका अनुसार यो प्रतिशत १६ रहेको थियो।

# पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप ढुक्क भएर लगाउन आग्रह

काठमाडौँ, २२ भदौ (रासस)।

यही भदौ २७ गतेदेखि किशोरीमा लगाइने पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपिभी' ढुक्क भएर लगाउन आग्रह गरिएको छ।

स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाले एचपिभी खोपबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा महाशाखाका निर्देशक डा विवेककुमार लालले खोपको प्रभावकारिता रहेकाले ढुक्क भएर लगाउन आग्रह गर्नुभयो।

उहाँले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले पनि प्रमाणीकरण गरेको एचपिभी खोप दुई मात्रा लगाए पनि पाठेघरको मुखमा हुने क्यान्सरको सङ्क्रमण ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने बताउनुभयो।

औषधि व्यवस्था विभागले पनि खोपको प्रयोगका लागि अनुमति दिइसकेको छ। यही भदौ २७ गतेदेखि देशमा सात प्रदेशका सात अस्पतालबाट १४ वर्ष पुगी १५ वर्ष नपुगेका किशोरीलाई एचपिभी खोप लगाइने छ। गत असारमा सरकारले चीनबाट खरिद गरेर पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप एचपिभी किशोरीलाई लगाउने भनेर २० हजार मात्रा ल्याएको थियो।

महाशाखाका निर्देशक डा लालका अनुसार कोशी प्रदेशमा कोशी अस्पतालमा भदौ २८ देखि ३० गतेसम्म, मधेस प्रदेशमा वीरगन्जस्थित नारायणी अस्पतालमा भदौ २९ देखि ३१ गतेसम्म, बागमतीमा परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा भदौ २७ देखि ३० गतेसम्म, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान भदौ २७ देखि ३० गतेसम्म खोप लगाइने छ।

यस्तै लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँकेमा भदौ २७ गतेदेखि ३० गतेसम्म, कर्णाली प्रदेशमा प्रादेशिक अस्पताल सुर्खेतमा भदौ २७ गतेदेखि ३० गतेसम्म र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमा भदौ २७ गतेदेखि २९ गतेसम्म एचपिभी खोप लगाइने छ।

यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो। सो अवसरमा कास्कीमा १० हजार नौ सय ३६ र चितवनमा १४ हजार ३५ किशोरीलाई एचपिभी खोप प्रदान गरिएको थियो।

दुई मात्रा दिइने उक्त खोप १० हजार किशोरीलाई लगाइने र पाठेघरको मुखको क्यान्सर लाग्नबाट बचाउने गर्दछ। अहिले पहिलो मात्रा र छ महिनापछि दोस्रो मात्रा खोप दिइने छ। महाशाखाको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले डब्लुएचओले अरु खोपलाई जस्तै मान्यता दिएकाले सबैले ढुक्क भएर लगाउन आग्रह गर्नुभयो। "एचपिभी खोपको प्रभावकारिता ९५ प्रतिशतदेखि ९९ प्रतिशत रहेको छ", उहाँले भन्नुभयो।

'ह्युमन प्यापिलोमा भाइरस'ले गर्दा हुनसक्ने महिलाको पाठेघरको मुख, यौनाङ्गको क्यान्सर तथा यौनाङ्गमा हुने मुसाबाट खोपले बचाउँछ। यस्तै एचपिभी सङ्क्रमण भएपश्चात् हालसम्ममा ठोस उपचार पद्धति नभएको हुँदा समयमै एचपिभी खोप लगाएमा सङ्क्रमण हुने सम्भावना समेत कम हुने गरेको खोप शाखाका प्रमुख डा गौतमले जानकारी दिनुभयो।

नेपालका महिलालाई लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबभन्दा बढी लाग्ने गर्दछ। विश्वमा भने महिलालाई सबभन्दा बढी स्तन क्यान्सर हुने गरेको छ। सरकारी तथ्याङ्कानुसार सन् २०२० को प्रतिवेदन अनुसार दुई हजार दुई सय ४४ जना महिलामा पाठेघरको मुखको क्यान्सर देखिएकामा एक हजार चार सय ९३ जना (६६ दशमलव पाँच प्रतिशत)को मृत्यु भएको छ। पाठेघरको मुखको क्यान्सरले ३५ वर्षदेखि ६४ वर्षका उमेर समूहका महिलामा धेरै हुने गरेको छ।

'ह्युमन प्यापिलोमा भाइरस'का कारणले पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ। सोही भाइरसविरुद्ध एचपिभी खोप प्रदान गर्न थालिएको हो। असुरक्षित यौन सम्पर्क, धुमपान र सानै उमेरमा विवाह गर्नेजस्ता कारणले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ। एचपिभी खोप लगाएपछि किशोरीहरूमा खोप लगाएको ठाउँमा दुख्ने तथा सुन्निने, टाउको दुख्ने/वाकवाकी लाग्ने, थकान महसुस हुने/रिङ्गटा लाग्ने, ज्वरो आउनेजस्ता समस्या देखिने गर्दछन्।

शाखाका प्रमुख डा गौतमले खोप अभियानका लागि स्वास्थ्यकर्मीलाई प्रशिक्षण दिनुका साथै सरोकारवालासँग अन्तर्क्रियासमेत गर्ने बताउनुभयो। पाठेघरको मुखको क्यान्सरको सुरुको अवस्थामा महिलामा धेरैजसो लक्षण र चिह्नहरू देखिँदैन र अन्तिम अवस्थामा मात्र पहिचान हुने गर्दछ। पछि गएर तल्लो पेट दुख्ने, अनियमितरूपमा रगत बग्ने, धेरै रगत बग्ने, गन्हाउने पानी जम्ने, कमजोर हुँदै जाने र रक्तअल्पताजस्ता लक्षण पाठेघरको मुखको क्यान्सरमा देखिने गर्दछ।

विभागका महानिर्देशक डा सङ्गीता कौशल मिश्राले अहिले केही उमेर समूहका किशोरीलाई मात्र खोप दिइए पनि आगामी वर्ष सबै १० देखि १४ वर्ष उमेर समूहका सबै किशोरीलाई प्रदान गर्ने बताउनुभयो। उहाँले एचपिभी खोपलाई पनि सरकारले नियमित खोपमा समावेश गर्ने तयारी गरेको बताउनुभयो।

खोप एलर्जी भएमा वा पहिलो मात्रा लगाएर कडा किसिमको प्रतिक्रिया भएमा, ज्वरो आएको अवस्थामा र गर्भवती अवस्थामा खोप लगाउन नहुने खोप शाखाका प्रमुख डा गौतमले जानकारी दिनुभयो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेश : बालविवाहमुक्त क्षेत्र घोषणासम्बन्धी कार्यविधि तयार

जनकपुरधाम, २२ भदौ (रासस)।

मधेस प्रदेशलाई सन् २०३० सम्ममा बालविवाहमुक्त प्रदेश बनाउने लक्ष्यसहित अगाडि बढेको मधेस प्रदेश सरकारले ल्याउन लागेको बालविवाहमुक्त क्षेत्र घोषणासम्बन्धी कार्यविधि, २०८० को मस्यौदामाथि छलफल भएको छ।

मधेस प्रदेश राजधानी जनकपुरधाममा बिहीबार आयोजित कार्यविधिमाथि सरोकारवालाको राय सुझावसम्बन्धी परामर्श कार्यक्रममा प्रदेशका शिक्षा तथा समाज कल्याणमन्त्री महेशप्रसाद यादवले प्रदेशमा बालविवाह समस्या अन्त्यका लागि योजनाबद्धरूपमा कामकाज गर्न कार्यविधिले सघाउ पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। वडा तहदेखि नै स्थानीय सरकार र सरोकारवालालाई सक्रिया बनाई बालविवाह रोक्नुपर्ने उद्देश्यसहित मस्यौदा ल्याइएको र यसले तीनै तहका सरकारलाई समन्वयात्मकरूपमा अगाडि बढ्न पनि सघाउ पुग्ने उहाँको भनाइ थियो।

मन्त्री यादवले महिलामाथि हुने सबै प्रकारका हिंसा रोकथाम तथा महिलाको स्वास्थ्य, शिक्षामा पहुँच तथा गुणस्तरीय जीवनका लागि बालविवाह अन्त्य गर्न जरुरी रहेकोसमेत बताउनुभयो।

शिक्षा तथा समाज कल्याण मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले बालविवाहलाई निरुत्साहित गर्न सरकारले ‘बालविवाह अन्त्यका लागि दशवर्षे रणनीति- २०७९’ ल्याइसकेको र अब कार्यविधिले त्यसलाई मूर्तरुप दिने बताउनुभयो। उहाँले प्रस्तावित बालविवाहमुक्त क्षेत्र घोषणासम्बन्धी कार्यविधि, २०८० को मस्यौदामाथि सरोकारवालाबाट राय-सुझाव आएपछि अन्तिम रुप दिई वडा तहदेखि नै बालविवाहमुक्त क्षेत्र बनाउने अभियान अगाडि बढाइने बताउनुभयो।

कार्यक्रममा सोही मन्त्रालयका उपसचिव देवकुमारी खत्रीले प्रदेश सरकारले बालविवाह रोक्नका लागि बनाएको कार्यविधि, २०८० का विषयवस्तु, त्यसले पार्ने प्रभाव र महत्वका विषयमा जानकारी गराउनुभएको थियो। कार्यविधिमा बालविवाहमुक्त क्षेत्र घोषणाका लागि विभिन्न १५ वटा प्रक्रियागत सूचक, १२ वटा मापन सूचक, विभिन्न सरोकारवालाको भूमिका तथा घोषणापछिको रणनीतिलगायतका विषय समेटिएका खत्रीले बताउनुभयो।

सहभागीहरूले बालविवाहमुक्त प्रदेश बनाउने नीतिलाई दीर्घकालीन र प्रभावकारी बनाउन सामाजिक संवेदनशीलता, शैक्षिक तथा लैङ्गिक समस्यालाई पनि समाधान गर्ने गरी सरकारले कामकारबाही गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो।

विसं २०७८ को जनगणनाअनुसार नेपालमा करिब ३० प्रतिशत बालबालिकाको विवाह २० वर्ष उमेर नपुग्दै भइरहेको छ। सोही जनगणनाअनुसार मधेसमा सबैभन्दा बढी अर्थात् ३७ दशमलव तीन प्रतिशतले औसतमा १८ वर्षअगावै विवाह गर्छन्। त्यसमध्ये ५२ दशमलव दुई प्रतिशत बालिका र १९ प्रतिशत बालक छन्। जबकि राष्ट्रियरूपमा उमेर नपुग्दै विवाह गर्ने २९ दशमलव सात प्रतिशतमध्ये बालिकाको हिस्सा ४१ दशमलव एक र बालकको हिस्सा १५ दशमलव चार प्रतिशत रहेको छ।

त्यतिमात्रै होइन बहुआयामिक सूचक क्लस्टर सर्भे २०१९ अनुसार मधेसमा कुल जनसङ्ख्याको आठ दशमलव नौ प्रतिशत बालबालिकाले १५ वर्ष नपुग्दै विवाह गर्छन्। यसमा पनि बालकको प्रतिशत दुई दशमलव एक छ भने बालिकाको १४ दशमलव दुई प्रतिशत छ। सोही अध्ययनअनुसार १८ वर्षअगावै विवाह गर्ने २९ दशमलव तीन प्रतिशतमध्ये ४६ प्रतिशत बालिका र सात दशमलव आठ प्रतिशत बालक रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले नै २०-२४ वर्ष उमेर समूहका विवाहित जनसङ्ख्यामध्ये राष्ट्रियरूपमा २९ प्रतिशतको विवाह १८ वर्षअगाडि नै भएको देखाएको छ। मधेसमा भने यो सङ्ख्या ३५ प्रतिशत छ। देशभर यो उमेर समूहका १६ प्रतिशत पुरुष र ३५ प्रतिशत महिलाले १८ वर्षअगावै विवाह गर्ने गरेकामा मधेसमा भने यो प्रतिशत पुरुषको १७ र महिलाको ४२ छ।

बालविवाहको अवस्था विकराल हुँदै गएपछि मधेस प्रदेश सरकारले सन् २०३० सम्म प्रदेशलाई बालविवाह मुक्त बनाउन १० वर्षीय प्रादेशिक रणनीतिक योजना-२०७८ ल्याएको छ। त्यसैगरी प्रदेश बालअधिकार ऐन-२०७७, सारभूत लैङ्गिक समानता नीति-२०७८, बाल सहभागितासम्बन्धी कार्यविधि-२०७८ र ‘बेटी बचाउ, बेटी पढाउ’ अभियानमार्फत बालविवाह न्यूनीकरण, कुपोषणमुक्त प्रदेश बनाउने र दलित शिक्षा अभियानअन्तर्गत बालिकालाई अनुदान दिने नीति अख्तियार गरेको छ भने बालिका संरक्षण विधेयक प्रस्तावित अवस्थामा रहेको छ।

## ‘आत्महत्या समस्या समाधानको उपाय होइन’

जनकपुरधाम, २२ भदौ (रासस)।

मनोचिकित्सक तथा सरोकारवालाहरूले आत्महत्या समस्या समाधानको उपाय नभएकाले त्यस्ता घटना नियन्त्रणका लागि आमसञ्चार क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने बताउनुभएको छ।

जनकपुरधाममा बिहीबार आयोजित आत्महत्या नियन्त्रणका लागि रिपोर्टिङसम्बन्धी कार्यशाला गोष्ठीमा उहाँहरूले आत्महत्या समस्या समाधानको उपाय नभएकाले यससम्बन्धि सचेतना फैलाउन आमसञ्चार माध्यम उपयोगी हुने बताउनुभयो।

वरिष्ठ मनोचिकित्सक ( कन्सल्टेन्ट साईक्याट्रिष्ट) डा वासुदेव कार्कीले विभिन्न मानसिक, सामाजिक तथा वातावरणीय र जैविक कारणले आत्महत्याका घटना बढ्दै गएकाले त्यसको नियन्त्रणका लागि घरपरिवारदेखि सबै सरोकारवालाले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। “विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार वार्षिक आठ लाखभन्दा बढी मानिसले अकालमै ज्यान गुमाउने गरेका छन्। यो भनेको प्रतिचालीस सेकण्डमा एक जनाको ज्यान जानु हो। नेपालमा पनि सरदर दैनिक १९ जनाले ज्यान गुमाउने गरेको डरलाग्दो तथ्याङ्क छ”, डा कार्कीले भन्नुभयो, “आत्महत्याको प्रयास वा आत्महत्या गर्नेमध्ये झण्डै ९५ प्रतिशत व्यक्तिमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या रहेको पनि अध्ययनको निष्कर्ष छ। यसर्थ घरदेखि समाजका हरेक आयाममा मानसिक स्वास्थ्यका लागि हामी सबैले योगदान गर्नुपर्दछ। अन्यथा यो समस्याबाट हामी सबै ग्रस्त हुन्छौँ।”

त्यसैगरी डा पल्लवी कोइरालाले विश्व स्वास्थ्य सङ्गठनले आत्महत्या

*बाँकी अन्तिम पृष्ठमा*


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


## विश्व समाचार

### प्रभावशाली विश्वनेताहरू नयाँदिल्लीमा भेला हुँदै

नयाँदिल्ली, २२ भदौ (रासस/एएफपी)।

शनिबार र पर्सी आइतबार भारतको राजधानी नयाँदिल्लीस्थित प्रगति मैदानमा अयोजना हुने युरोपेली सङ्घसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तर सरकारी सङ्गठन जी २० शिखर सम्मेलनमा भागलिन विश्वका शक्तिराष्ट्रका नेताहरू नयाँदिल्लीमा भेला भइरहेका छन्। पन्ध्र वर्षअघिको आर्थिक सङ्कटका बेला विश्वअर्थतन्त्रलाई व्यवस्थापन गर्ने उद्देश्यले उदीयमान अर्थतन्त्रको साझा सङ्गठनका रुपमा स्थापना भएको जी २० को नयाँदिल्ली संस्करणमा सहभागी हुने विभिन्न देशका राष्ट्रपति र प्रधानमन्त्री सवार विमानहरू इन्दिरा गान्धी अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण भइरहेका छन्। रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी चिनफिङ अनुपस्थित हुने शिखर सम्मेलनमा कुनै मूलमुद्दामा सहमति जुट्नेमा आशङ्का व्यक्त गरिएको छ। शिखर सम्मेलनको पूर्वसन्ध्यामा साझा दस्तावेज तयार गर्ने तथा सहमति जुटाउन भारतलाई धौंधौ परेको छ। शीर्ष नेतृत्वले अनुमोदन एवं हस्ताक्षर गरी सम्मेलनको अन्त्यमा जारी गर्ने संयुक्त वक्तव्यमा अझै ठोस सहमति जुट्न सकेको छैन। चीनका राष्ट्रपतिको अनुपस्थितिको कारण खुलाइएको छैन। अमेरिकी नेतृत्वको यो समूहलाई असफल पार्दै जी २० स्थानमा आफू अनुकूल अर्को संस्था बनाउने आशय बेइजिङले व्यक्त गर्दै आएको छ। जी २० शिखर सम्मेलनका बेला चिनियाँ नेता सी भेनेजुएला र जाम्बियाका राष्ट्रपतिको स्वागतमा व्यस्त भइरहनुभएको छ। युक्रेनमाथि हठात् आक्रमण गरेर युद्ध अपराधको आक्षेप खेपिरहनुभएका रुसका राष्ट्रपतिको अन्तरराष्ट्रियस्तरमा निन्दा र कूटनीतिक भर्त्सना भएको छ तर उहाँले आफ्ना सहयोगीका साथमा युक्रेन युद्ध आवश्यक एवं औचित्यपूर्ण भएको दाबी गर्दै आउनुभएको छ। बेलायतका प्रधानमन्त्री ऋषि सुनक जी २० शिखर सम्मेलनमा फेरि पनि रुसी राष्ट्रपतिले आफ्नो अनुहार देखाउन नचाहेको बताउनुहुन्छ। आफ्नो कूटनीतिक वहिर्गमन एवं राष्ट्रपति भवनको एकान्तमा बस्नुपर्ने परिस्थितिको निर्माण उहाँले स्वयम् गर्नुभएको प्रधानमन्त्री सुनक उल्लेख गर्नुहुन्छ। जी २० का अन्य नेताहरूले भने सम्मेलनमा आफूहरू उपस्थित भएर रुसी नेता पुटिनले निम्त्याएको विनाशको क्षतिपूर्तिका निम्ति सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। शिखर सम्मेलनमा भाग लिन एयरफोर्स वानमा देश छाडिसक्नुभएका अमेरिकी राष्ट्रपति जो बाइडेनले जी २० ले अझै विश्व अर्थव्यवस्थामा योगदान गर्नसक्ने बताउनुभएको छ। यद्यपि चीनले अमेरिकी कम्पनी आइफोनको उत्पादन आइफोनमाथि प्रतिबन्ध लगाउने तयारी गरेको अफवाह फैलिरहेको। एप्पलको आइफोनलाई संसारभर मान्यता दिइएको छ। राष्ट्रपतिका साथ एयरफोर्स वानमा रहनुभएका अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले ती अफवाहमा कुनै सत्यता नरहेको बताउनुभएको छ।

### रसायन कारखानमा ग्यास चुहिँदा दश जनाको मृत्यु

बेइजिङ, २२ भदौ (रासस/एएफपी)।

उत्तरी चीनमा ग्यास चुहावट हुँदा १० जनाको मृत्यु हुनाका साथै तीन जना घाइते भएका सरकारी सञ्चारमाध्यमले शुक्रबार जानकारी दिएका छन्। घटना बिहीबार अपराह्न इनर मङ्गोलिया क्षेत्रको ओर्डोसस्थित रसायन कारखानामा भएको राज्य प्रसारक चाइना सेन्ट्रल टेलिभिजन ( सिसिटिभी)ले जनाएको छ। ग्यास चुहिएर बिरामी परेका एक जनाको घटनास्थलमा मृत्यु भएको तथा अन्यको उपचारका क्रममा ज्यान गएको थियो। सिसिटिभीले मृतकको सङ्ख्या बढ्नसक्ने बताएको छ। कार्यस्थलमा पर्याप्त सुरक्षा व्यवस्था नहुँदा चीनमा औद्योगिक दुर्घटना बारम्बार हुनेगरेका छन्। यो वर्षको शुरुमा इनर मङ्गोलियाको एउटा कोइला खानीमा दुर्घटना हुँदा ५३ जनाले ज्यान गुमाएका थिए। हालै उत्तरपश्चिम चीनको यिनचुआनमा रहेको एउटा चमेनागृहमा खाना पकाउने ग्यास विस्फोट हुँदा ३१ जनाको मृत्यु भएको थियोभने सात जना घाइते भएका थिए।

### विकासोन्मुख देशका ऋण समस्या समाधानको आह्वान

जकार्ता, २२ साउन (रासस/सिन्ह्वा)।

चीनका प्रधानमन्त्रीले विकासोन्मुख देशका ऋण समस्या समाधान गर्न आह्वान गर्नुभएको छ। साथै उहाँले सुरक्षाको अवधारणालाई बढावा दिने तथा आर्थिक मुद्दालाई राजनीतिकरण गर्ने अभ्यासको संयुक्त रूपमा प्रतिरोध गर्नुपर्ने बताउनुभएको छ। इन्डोनेशियाको राजधानी जकार्तामा भएको दक्षिणपूर्वी एशियाली देशहरूको सङ्गठन (आसियान) को ४३ औं शिखर सम्मेलनका क्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेससँग भएको भएको भेटवार्तामा चिनियाँ प्रधानमन्त्री ली छ्याङलेसंयुक्त भार बाँडफाँडको सिद्धान्तका आधारमा विकासोन्मुख देशहरूको ऋण समस्यालाई सक्रियताका साथ सम्बोधन गर्न अन्तरराष्ट्रिय समुदायलाई आग्रह गर्नुभयो। चिनियाँ प्रधानमन्त्री लीले विश्वव्यापी आर्थिक शासन प्रणालीको सुधार र अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूमा विकासोन्मुख देशहरूको प्रतिनिधित्व र आवाजलाई प्रभावकारी रूपमा बढाउनु आवश्यक भएको बताउनुभयो। यसैबीच, इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले ४३औं आसियान शिखर सम्मेलनले दक्षिणपूर्वी एसियाली देश र तिनका साझेदारमाझ सकारात्मक ऊर्जा प्रवाह गरेको बताउनुभएको छ। जकार्ता सम्मेलन केन्द्रमा ४३औं आसियान शिखर सम्मेलनको समापन मन्तव्य व्यक्त गर्दै उहाँले सम्मेलनमा उपस्थित सबै देशका नेता र अतिथिको प्रशंसा गर्नुभयो। “पछिल्ला तीन दिनमा हामीले १२ वटा शिखर सम्मेलन, ९० वटा दस्तावेज, आसियान साझेदारहरूसँग ठोस सम्झौता मात्र गरेनौं सम्मेलनका क्रममा मैले उपस्थित सबैबाट सकारात्मक ऊर्जा प्रवाह भएको महसुस गरें। म विश्वासका साथ भन्न सक्छु कि आसियानलाई शान्तिपूर्ण, स्थिर र समृद्ध क्षेत्र बनाउने भावनालाई सुदृढ बनाउँछ,” राष्ट्रपति विडोडोले भन्नुभयो। राष्ट्रपति विडोडोले लाओ जनवादी लोकतान्त्रिक गणतन्त्रका प्रधानमन्त्री सोने सिफान्डानेलाई आसियानको अध्यक्षताको प्रतीक हथौडी हस्तान्तरण गर्नुभयो। आसियको अध्यक्षता लाओसमा सरेसँगै आगामी वर्ष उक्त देशमा सङ्गठनको ४४ औं शिखर सम्मेलन आयोजनाको दायित्व सोही देशको हुनेछ।

# दुई एकल महिलालाई टुकी फाउण्डेशनद्वारा शौचालयसहितको घर निर्माण



**दैनिक समाचारदता राजविराज, २२ भदौ ।**

टुकी फाउण्डेशनद्वारा राजविराजकी दुई एकल महिलाका लागि शौचालयसहितको चार कोठे घर निर्माण गरिएको छ ।

फाउण्डेशनकी कोडिनेटर सुनिता साहले बिहीबार राजविराजमा आयोजित सामाजिक लेखा परिक्षण सार्वजनिक कार्यक्रममा सो जानकारी दिएकी हुन् ।

आयोजित कार्यक्रममा फाउण्डेशनकी कोडिनेटरसमेत रहेकी महिला सचेतना समाजका अध्यक्ष साहले समाजमा अपहेलित, दिनदुखी, असहाय एकल महिलाको आवास निर्माणको साथै आत्मनिर्भरको लागी बाखा पालनबाट आय आर्जनमा मदत पुग्ने बिश्वास ब्यक्त गर्दै अगामी दिनमा अरु एकल महिलालाई समेटन टुकी फाउण्डेशनकलाई आग्रह गरिन् ।

टुकी फाउण्डेशनकी सावित्री रजाईलीले राजविराज नगरपालिका भित्र दुई जना एकल महिला, गरिब, असहाय, दिनदुखीलाई शौचालयसहित घर निर्माण र ३/३ वटा बाखा हस्तान्तरणमा २५ लाख ५६ हजार ७ सय ५८ रुपैयाँ लागत लागेको कार्यक्रममा जानकारी दिएकी छिन् ।

उनका अनुसार राजविराज वडा नं. १४ का एकल महिला लडुवत्ति मण्डलको शौचालयसहित एक तल्ले चार कोठे निर्माण र ३ वटा बाखा वापत १२ लाख ७८ हजार ३ सय ७९ रुपैयाँ लागत लागेको बताइन ।

त्यस्तै राजविराज ९ का सकिना खातुनको शौचालयसहित एक तल्ले चार कोठे निर्माण र ३ वटा बाखा वापत १२ लाख ७८ हजार ३ सय ७९ रुपैयाँ लागत लागेको उनले बताइन ।

सो अवसरमा राजविराज नगरपालिका कार्यावाहक प्रमुख इसरत परविनको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा ईजिनियरद्वय केवल दास, अशोककुमार दास, पशुपंक्षि शाखाका परमेश्वर यादव, टुकी फाउण्डेशनका शुष्मा श्रेष्ठ, रिता राई, घर धनीको तर्फबाट ववितामण्डल र सकिना खातुन लगायत आ-आफनो विचार ब्यक्त गरेका थिए ।

### *नेपाल मुश्लिम ...*

कोषाध्यक्षमा मो. जिब्रिल र सहकोषाध्यक्षमा मो. जाकिर हुसैनलाई चयन गरिएको छ ।

त्यस्तै महिला सदस्यहरुमा अमिना खातुन, जोहरा खातुन र रुकसना खातुन तथा पुरुष सदस्यहरुमा मो. जलिम, मो. सहादुन मंसुरी, अध्यक्ष अंसारी, डा. अताबुल, मो. मुर्तजा र करामत मंसुरी चयन भएका छन् ।

यस्तै हसमुदिन शेख, मो. जाकिर हुसैन, मो. उस्मान, सुलेमान मिया, मो. बलिद र मो. इमरानलाई सदस्यमा मनोनित गरिएको छ ।

नेपाली काँग्रेस सप्तरी जिल्ला सभापति रामदेव साह, सचिव सनत मण्डल, यसुफ राइन, करिम शेख, नेपाल मुश्लिम संघका केन्द्रिय सचिव इर्साद अन्सारी लगायतको उपस्थितिमा सो समिति सर्वसम्मत चयन गरिएको जनाइएको छ ।

# जसपाद्वारा भारतीय मोटरसाईकलको पास सुलभ बनाउन माग



**दैनिक समाचारदाता राजविराज, २२ भदौ ।**

जनता समाजवादी पार्टी (जसपा) सप्तरीले भारतबाट आउने मोटरसाईकलको पास सुलभ बनाउन प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराउँदै शुक्रबार ज्ञापन पत्र बुझाएको छ ।

पार्टीका जिल्ला अध्यक्ष केदार यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी किरण थापालाई सो ज्ञापन पत्र बुझाएको हो ।

ज्ञापन पत्रमा भारत-नेपालबीच रोटी बेटीको सम्बन्ध रहेकोले आफन्तलाई भेट्नका लागी नेपालतर्फ आएका कतिपय भारतीय नागरिकको मोटरसाईकल प्रहरीले नियन्त्रणमा लिएर भन्सारमा बुझाई लिलामिमा समेत गराउन थालेको भन्दै यसले दुई देशको सुमधुर सम्बन्धमा खलल पुर्‍याउने काम गरेको उल्लेख गरिएको छ ।

भन्सार काटेर आएका भारतीय सवारी साधनलाई नेपाल प्रवेशको अनुमती दिने प्रावधान रहेपनि जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकास्थित बेल्ही भन्सारमा मात्र भन्सार महसुल लिएर अनुमती पास दिने व्यवस्था छ, जसकारण अन्य नाकाबाट नेपाल आउन चाहने र आएका भारतीयहरुलाई समस्या परिरहेको ज्ञापन पत्रमा उल्लेख छ ।

जिल्लाको छिन्नमस्ता गाउँपालिकास्थित गोविन्दपुर, राजगढ गाउँपालिस्थित बनैनिया, बादेबर्साइन नगरपालिकास्थित स्वर्णपट्टी, डाक्नेश्वरी नगरपालिकास्थित पातो र बलान बिहुल गाउँपालिकास्थित मौवहा बेल्ही लगायतका नाकाहरुबाट समेत शुल्क लिएर भारतीय सवारीसाधनलाई अनुमती पत्र प्रदानको अविलम्ब व्यवस्था मिलाउन ज्ञापन पत्र मार्फत माँग गरिएको छ ।

टोलीमा जिल्ला कमिटीका उपसिचवद्वय शम्भु कुमार यादव, निलेश झा, कार्यकारणी सदस्य लक्ष्मण यादव, राजेश्वर राय, विद्यार्थी नेता श्याम कुमार यादव लगायत सहभागी थिए ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकार थापाले कानुनको परिधीमा रही भारतीय नम्बरका सवारी साधनलाई सहज रुपमा प्रवेश र अनुमती पत्र उपलब्धका लागी आफुले आवश्यक पहल गर्ने आश्वान दिएका थिए ।

### *'आत्महत्या समस्या ...*

नियन्त्रण र निरुत्साहनका लागि आमसञ्चार माध्यम प्रभावकारी हुने निष्कर्षसहित 'आत्महत्या रोकथामसम्बन्धी सञ्चारकर्मीका लागि मार्गदर्शन' जारी गरेकाले त्यसको पालना गर्न सबैलाई आग्रह गर्नुभयो । "आत्महत्याका घटनाको उचित सम्प्रेषणले मात्रै आत्महत्याको जोखिममा रहेका व्यक्तिको ज्यान जोगाउन मद्दत पुग्न सक्छ भने गलत सम्प्रेषणले त्यस्ता व्यक्तिलाई दुरुत्साहन गरी त्यस्ता घटना बढाउन सक्छ ।

त्यसैगरी आयोजक संस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र टेकु काठमाडौँका निमित्त निर्देशक शिला श्रेष्ठले आत्महत्याका घटना नियन्त्रणका लागि सबै स्थानीय तहलाई सङ्घीय सरकारकाले सःशर्त अनुदान दिने गरेकाले त्यसको सही सदुपयोग गर्न स्थानीय निकायलाई आग्रह गर्नुभयो ।

यसअघि कार्यक्रमको उद्घाटन कार्यक्रममा मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री वीरेन्द्रप्रसाद सिंहले मधेस प्रदेशमा आत्महत्याका घटना दिनानुदिन बढ्दै गएकाले त्यसको रोकथामका लागि प्रदेश सरकारले बजेट तथा कार्यक्रम ल्याएकाले त्यसबाट अधिकतम लाभ लिन सबैलाई आग्रह गर्नुभयो । उहाँले स्वास्थ्यकर्मी र सञ्चारकर्मीको भूमिका प्रभावकारी हुने भएकाले प्रदेश सरकारलाई आवश्यक सुझाव तथा सल्लाहका लागि ध्यानाकर्षण गराउनुभयो । मन्त्रालयका निमित्त सचिव डा इन्द्रजित रजक, पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्ण, केन्द्रीय सदस्य केशी लामिछानेलगायतले सामाजिक सञ्जालको दुरूपयोग, सामाजिकीकरणको अभाव, महत्ववाकांक्षी चाहना र असन्तुष्टिलगायतका कारणले मानसिक समस्या र त्यसले आत्महत्यालाई बढावा दिइरहेकाले सबैले त्यसलाई नियन्त्रणका लागि योगदान गर्नु पर्ने धारणा राख्नुभयो ।

# उदयपुरमा स्क्रब टाइफसको सङ्क्रमण बढ्दै

उदयपुर, २२ भदौ (रासस) ।

उदयपुरको सदरमुकाम गाईघाट बजारलगायत त्रियुगा नगरपालिका क्षेत्रमा स्क्रब टाइफसको सङ्क्रमण देखा पर्न थालेको छ । जिल्लामा भदौको पहिलो साता एकजनामा सङ्क्रमण देखिएसँगै अहिले दैनिक बिरामीको सङ्ख्या वृद्धि हुन थालेको जिल्ला अस्पताल उदयपुरले जनाएको छ ।

भदौको पहिलो साता पहिलो पटक अस्पतालमा उपचार गर्न आएका एक जनामा स्क्रब टाइफसको सङ्क्रमण देखा परेको अस्पतालका प्रमुख डा ज्ञानेन्द्र झाले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो केहीदिनयता बिरामीको सङ्ख्या दैनिक वृद्धि हुँदै गइरहेको छ ।

अस्पतालका फिजिसिएन डा राहुल रैनियारका अनुसार अहिले नयाँ भाइरसका रूपमा देखिएको स्क्रब टाइफसको उपचारका लागि दैनिक पाँचदेखि दश जनासम्म बिरामी अस्पताल आउने गरेका छन् । सुरुमा यस रोगको लक्षण अनियमित ज्वरो आउने, शरीर तथा छालामा राता डाम्रा देखा पर्नेलगायत रहेका उहाँले बताउनुभयो ।

हाल यसको सङ्क्रमण जिल्लाको त्रियुगा र बेलका नगरपालिका क्षेत्रसहित चौदण्डीगढी नगरपालिकाका केही भागमा देखा पर्न थालेको जिल्ला अस्पताल उदयपुरका चिकित्सकले बताएका छन् ।

साउनको पहिलो सातादेखि डेङ्गु देखा परेको थियो भने साउनको दोस्रो सातादेखि जिल्लामा आँखा पाक्ने रोगको सङ्क्रमण फैलिएको अस्पतालका प्रमुख झाले जानकारी दिनुभयो । "स्क्रब टाइफस ब्याक्टेरिया माइड नामको जीवाणु वा एक प्रकारको जुम्राबाट सर्ने रोग हो", उहाँले भन्नुभयो ।

उदयपुरमा हाल डेङ्गु, मौसमी र भाइरल ज्वरोका साथै आँखा पाक्ने सङ्क्रमण न्यून हुँदै गइरहेको बेला स्क्रब टाइफसको सङ्क्रमण देखा परेको चिकित्सकको भनाइ छ ।


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*